# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग

नेपाल

प.सं. : २०७८/७९
च.नं. : १८५०

लिखु तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धोवी बजार, रामेछाप
दर्ता नं. ३२०
चलानी नं.
मिति: २०७९।०३।०३

श्री लिखु गाउँपालिका,
रामेछाप ।

**विषयः पीडित परिवारलाई सहयोग गर्ने सम्बन्धमा।**

सम्वत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिको छानविन गर्न बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम यो आयोग गठन भएको हो। आयोगले सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिको छानविन गरिरहेको छ। तहाँ पालिकाका देहायका व्यक्तिहरु बेपत्ता पारिएको भनी आयोगमा उजुरी परी छानविनको क्रममा रहेको छ। ती व्यक्तिहरुका सम्बन्धमा कुनै सूचना वा जनकारी भए उपलब्ध गराइदिनु हुनेछ भन्ने आयोगको अपेक्षा रहेको छ। आयोगमा परेका उजुरीहरुको छानविन र अनुसन्धानबाट पीडित पहिचान गरी परिचयपत्र वितरणको कार्य समेत तिब्रतर रुपमा भइरहेको छ। आयोगबाट परिचयपत्र प्राप्त पीडितहरुको अवस्था र आवश्यकतानुसार व्यक्ति बेपत्ता पार्ने कार्यका पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई निःशुल्क शिक्षा तथा स्वास्थोपचार, सीपमूलक तालिम, विना व्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा, बसोबासको व्यवस्था, रोजगारीको सुविधा लगायतका सेवा सुविधा वा सहुलियत उपलव्ध गराउन आयोगले सिफारिस गर्न सक्ने उल्लिखित ऐनको दफा २३ मा व्यवस्था गरिएको छ। सो अनुसार तहाँ पालिकाबाट सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्ति वा निजका पीडित परिवारलाई आवश्यक सेवा सुविधा उपलव्ध गराउने कार्यलाई विशेष प्राथमिकतामा राखेर सहयोग र सहजीकरण गरिदिनु हुन अनुरोध छ। पीडितहरुलाई राज्यको तर्फबाट न्याय प्रदान गर्न धेरै लामो समय व्यतितभई अत्यन्त ढिलो भएको छ। अतः पीडितहरुको समन्वयमा उहाँहरुको आवश्यकतालाई प्राथमिकतामा राखेर राज्यले नीतिगतरुपमा स्वीकार गरिसकेका कम्तीमा देहायका न्यूनतम सेवा सुविधाहरु पालिका स्तरबाट नै कार्यक्रम पारित गरी लागू गर्न आवश्यक पहल गरी सोको जनकारी यस आयोगमा गराउन समेत सादर अनुरोध छः-

क. नेपालको संविधानको धारा ३५ ले सुनिश्चित गरिएका स्वास्थ्य सम्बन्धी हकमा कम नहुनेगरी वार्षिक स्वास्थ्य बिमाका लागि आवश्यक प्रिमियम उपलव्ध गराई निःशुल्क स्वास्थोपचारको प्रत्याभूती गरिदिन,

ख. सार्वजनिक कार्यक्रममा मर्यादापूर्ण सम्बोधन गरी पीडितको सम्मान गरिदिन,

ग. नेपालको संविधानको धारा ३३ बाट सुनिश्चित गरिएका रोजगारीको हकमा कम नहुनेगरी रोजगारमूलक सीप विकासका कार्यक्रमहरुलाई वार्षिक कार्यक्रममा समावेश गरिदिन,

घ. नेपालको संविधानको धारा ३१ बाट सुनिश्चित गरिएका शिक्षा सम्बन्धी हकमा कम नहुनेगरी निःशुल्क शिक्षाको व्यवस्था गरिदिन,

ङ. सार्वजनिक सेवा वितरण गर्दा वा रोजगारी प्रदान गर्दा बेपत्ता पारिएका व्यक्तिको परिवारका सदस्यहरुलाई प्राथमिकता प्रदान गरिदिन,

च. पूँजीको अभावमा व्यवसाय गर्न नसक्ने पीडितहरुका लागि विना व्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा उपलब्ध गराउने पहल गरिदिन,



टोल फ्री नम्बर १६६०-०१-२२१११
फ्याक्स : ०१-५०१०१६८
फोन नं. : ०१-५०१०१९६, ५०१०१९९

# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग
नेपाल

प.सं. : २०७८/७९
च.नं. : १८५०

छ. नेपालको संविधानको धारा ४३ बाट सुनिश्चित गरिएका सामाजिक सुरक्षाको हकमा कम नहुनेगरी पीडित एकल महिला, एकल पुरुष, असहाय वा अशक्त जेष्ठ नागरिक एवम् बालबालिकालाई विशेष सामाजिक सुरक्षा भत्ता उपलब्ध हुने व्यवस्था गरिदिन,

ज. व्यवसाय विमाका लागि किस्ताको प्रिमियम उपलब्ध गराई आय आर्जन बढाउन मदत गरिदिन,

झ. नेपालको संविधानको धारा ३७ ले सुनिश्चित गरेको आवासको हकमा कम नहुनेगरी उपयुक्त बसोबासको व्यवस्था गर्न र भूमिहीनका लागि निःशुल्क भूमी उपलब्ध गराउने व्यवस्था गरिदिन,

ञ. सरकारी सेवामा रहेका वखत बेपत्ता भएका व्यक्तिका हकमा बेपत्ता भएका मिति देखिनै अवकास हुँने मिति सम्मको अवधि गणनागरी सबै सेवा सुविधा उपलब्ध गराउने व्यवस्था गरिदिन,

ट. पीडितको सहभागितामा पीडित लक्षित कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिदिन,

ठ. नेपालको संविधानको धारा ४२ ले सुनिश्चित गरेको सामाजिक न्यायको हकलाई विशेष प्राथमिकतामा राखि बेपत्ता पारिएका व्यक्तिका पीडित परिवारको हकमा प्राथमिकताका साथ अवसर दिलाउन पालिका स्तरीय निर्देशिका बनाई पीडित परिवारका समस्या समाधान गर्ने कार्यक्रम कार्यान्वयनको व्यवस्था गरिदिन,

ड. बेपत्ता पारिएका व्यक्तिको सम्मानमा उहाँहरुको नाममा चौतारो, उद्यान, ताल/हिमाल, वृत्तचित्र/फिल्म, संग्रहालय, जंगल, पुस्तकालय, खेलकुद भवन, अस्पताल, विद्यालय, स्तम्भ शालिक, भवन/सडक/पुलपुलेसा/गाउँ वा सार्वजनिक स्थल वा सम्पत्तिको नामाकरण, प्रवेशद्वार, धार्मिक केन्द्र आदिको नामाकरण गरिदिन, आदि।

### लिखु गाउँपालिका अन्तर्गत बेपत्ता पारिएका व्यक्तिको विवरण

| सि.नं. | बेपत्ता पारिएको व्यक्तिको नाम | बेपत्ता पारिएको मिति | बेपत्ता पारिएको व्यक्तिको बाबु/आमाको नाम | जिल्ला र स्थानीय तह | कैफियत |
|---|---|---|---|---|---|
| १. | दुर्गाबहादुर बुढाथोकी | २०६०/१०/०४ | नरबहादुर बुढाथोकी/ रुद्रकुमारी बुढाथोकी | लिखु गा.पा.-३, रामेछाप | नपाएको |
| २. | खड्ग बहादुर राउत | २०६०/०६/१९ | कटक बहादुर राउत/ नेत्र कुमारी राउत | लिखु गा.पा.-२, रामेछाप | नपाएको |
| ३. | रुद्रबहादुर महत | २०५९/श्राउण | धर्म बहादुर महत /मानकुमारी महत | लिखु गा.पा. वडा नं ४, रामेछाप | नपाएको |

(श्यामकुमार भट्टराई)
सचिव
२०७९/१/१९



टोल फ्री नम्बर १६६०-०१-२२१११ फ्याक्स : ०१-५०१०१६८